# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, माघ १५ गते, २०८२ साल (संख्या १४

## भाग २

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

**गण्डकी प्रदेश आमसञ्चार (पहिलो संशोधन), नियमावली, २०८२**

गण्डकी प्रदेश आमसञ्चार (पहिलो संशोधन) नियमावली, २०८२ संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८० को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "गण्डकी प्रदेश आमसञ्चार (पहिलो संशोधन) नियमावली, २०८२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **गण्डकी प्रदेश आमसञ्चार नियमावली, २०८२ को नियम १५ मा संशोधनः** गण्डकी प्रदेश आमसञ्चार नियमावली, २०८२ (यसपछि मूल नियमावली भनिएको) को नियम १५ मा रहेको "व्यक्ति वा सङ्गठित संस्थाले" भन्ने शब्दहरुपछि "अनुसूची -२ बमोजिमको दस्तुर सहित" भन्ने शब्दहरु थपिएका छन् ।

३. **मूल नियमावलीमा नियम १५क. थपः** मूल नियमावलीमा देहायको नियम १५क. थपिएको छः-

"**१५क. निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातः** (१) नियम १५ बमोजिमको निवेदन साथ देहायको कागजात संलग्न गर्नु पर्नेछः-

(क) संस्था दर्ताको प्रमाणपत्र,

(ख) सम्बन्धित संस्थाको विधान,

(ग) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) तोकिए बमोजिम निवेदन दस्तुर बुझाएको नगदी रसिद वा तोकिएको राजस्व खातामा जम्मा गरेको बैंक भौचर,

(ङ) प्रसारण केन्द्र रहने ठाउँको नक्सा सहितको विवरण,

(च) प्रचलित अन्य निकायबाट स्वीकृति लिनुपर्ने भएमा सो स्वीकृतिको कागजात,

(छ) तोकिए बमोजिमको अन्य कागजात ।

(२) उपनियम (१) बमोजिमको कागजातको साथ सम्बन्धित विषयमा अनुभवी तथा ख्याति प्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धानात्मक संस्थाबाट आफूले इजाजत पत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यवसायिक क्षेत्रको विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन समेत संलग्न गर्नु पर्नेछ।"

४. **मूल नियमावलीको नियम १७ मा संशोधनः** मूल नियमावलीको नियम १७ को उपनियम (२) को सट्टामा देहायको उपनियम (२) राखिएको छः-

"(२) नियम १५ र उपनियम (१) बमोजिम परेको निवेदन उपर मन्त्रालय मार्फत प्रेस रजिष्ट्रारले नेपाल सरकारको सञ्चार क्षेत्र हेर्ने मन्त्रालयसँगको समन्वयमा अनुसूची - ७ बमोजिमको ढाँचामा अनुमति दिन सक्नेछ।"

५. **मूल नियमावलीको नियम १८ मा संशोधनः** मूल नियमावलीको नियम १८ को उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छः-

"(५) उपनियम (४) बमोजिम सोही आर्थिक वर्षभित्र पनि नवीकरण गर्न नआएमा प्रेस रजिष्ट्रारले ऐनको दफा १७ को उपदफा (४) बमोजिम मन्त्रालयमा लेखी पठाउन सक्नेछ।"

६. **मूल नियमावलीमा नियम १८क. थपः** मूल नियमावलीको नियम १८ पछि देहायको नियम १८क. थपिएको छः

**"१८क. प्रसारण तथा वितरण शुल्क (रोयल्टी):** (१) कार्यक्रम प्रसारण वा वितरण गर्ने टेलिभिजन च्यानल वा एफ. एम. रेडियो प्रसारण गर्ने संस्था वा व्यक्तिले आफूले गरेको वार्षिक कुल आम्दानीको एक प्रतिशतले हुन आउने रकम प्रसारण शुल्क (रोयल्टी) वापत आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र प्रदेश सरकारलाई बुझाउनु पर्नेछ।

तर आर्थिक वर्ष २०८२/८३ को हकमा माघ मसान्तसम्म बुझाउन सकिने छ।

**स्पष्टीकरण:** यस नियमको प्रयोजनको लागि **"कुल आम्दानी"** भन्नाले अनुमतिपत्र वा इजाजत पत्रसँग सम्बन्धित कार्य गरे वापत प्रसारण संस्थालाई प्राप्त हुने जुनसुकै आय सम्झनु पर्छ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र कुनै प्रसारण संस्था वा व्यक्तिले प्रसारण शुल्क नबुझाएमा सो अवधि पछि प्रत्येक महिनाको लागि दुई प्रतिशतले थप दस्तुर लाग्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम प्रसारण शुल्क बुझाउँदा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिले सो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराई सोको प्रतिवेदन प्रसारण शुल्क साथ पेश गर्नु पर्नेछ।"

७. **मूल नियमावलीको अनुसूची - ७ मा संशोधनः** मूल नियमावलीको अनुसूची - ७ को सट्टामा देहायको अनुसूची -७ राखिएको छः-

अनुसूची - ७

(नियम १५ र नियम १७ को उपनियम (२) सँग सम्बन्धित)

**फ्रिक्वेन्सी मोडुलेशन (एफ.एम.) प्रसारण प्रणालीको स्थापना, केबुलमा आधारित टेलिभिजन वा अन्य प्रसारण माध्यमद्वारा कार्यक्रम प्रसारण गर्ने र केबुल टेलिभिजन प्रसारण केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्नका लागि दिइने इजाजत पत्रको ढाँचा**

इजाजत पत्र नं. :

१. इजाजत पत्र पाउने व्यक्ति वा संस्थाको नामः

२. ठेगाना :

| (क) स्थायी ठेगाना : | (ख) अस्थायी ठेगाना : |
|---|---|
| प्रदेशः | प्रदेशः |
| जिल्ला : | जिल्ला : |
| नगरपालिका/ गाउँपालिका : | नगरपालिका/गाउँपालिकाः |
| वडा नं : | वडा नं : |
| गाउँ/ टोल : | गाउँ/ टोल : |
| फोन नं. : | फोन नं. : |
| इमेल : | इमेल : |

३. संस्थाको दर्ता नं. र मिति :

४. प्रसारण प्रणाली स्थापना हुने स्थान :

५. प्रसारण शुरु हुने मिति :

६. प्रसारणमा प्रयोग हुने भाषा :

७. प्रसारणमा प्रयोग गरिने चिन्ह ,संकेत वा लोगो (कलसाइन):

८. प्रसारण क्षमता :

९. प्रसारण गर्दा प्रयोग गरिने:

(क) फ्रिक्वेन्सीः

(ख) व्याण्डः

(ग) ट्रान्समिटरः

(घ) एण्टेनाः

(ङ) च्यानलः

१०. प्रसारण समयावधि :

११. प्रसारण गरिने कार्यक्रमको प्रकृति :

१२. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरु :

१३. इजाजतपत्र बहाल रहने मिति :

१४. प्रसारण गर्दा पालना गर्नु पर्ने शर्त गण्डकी प्रदेश आमसञ्चार ऐन ,२०८० र गण्डकी प्रदेश आमसञ्चार नियमावली ,२०८२ मा तोकिएका शर्तका अतिरिक्त प्रेस रजिष्ट्रारको कार्यालयले समय समयमा तोकी दिएका अन्य शर्तहरुको समेत पालन गर्नु पर्नेछ।

जारी मितिः-

इजाजत पत्र जारी गर्नेः-

मितिः-

दस्तखतः-

नाम, थरः-

**पछाडिपट्टि**

नवीकरण भएको विवरण

| इजाजतपत्र नं.- | |
|---|---|
| इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नामः- | कलसाइनः- |

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गर्ने निर्णय मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

आज्ञाले,

ऋषि राज आचार्य

प्रदेश सरकारको सचिव